सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## गाउँ शिक्षा समितिको मिति २०७७।०६।२६ गतेको बैठकका निर्णयहरु

१. गाउँ शिक्षा समितिको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

२. विद्यालयमा पठनपाठनको अवस्था बारे समीक्षा गरियो। साथै कुनै विद्यालय सेवा क्षेत्रमा कोभिड १९ को संक्रमण देखिएमा विद्यालय व्यवस्थापन समिति को सिफारीसमा वडा शिक्षा समितिले आवश्यक निर्णय गर्न सक्ने व्यवस्था मिलाउने।

३. विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना,२०७७ लाई कार्यान्वयन गर्ने

४. चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ९ सञ्चालनको अनुमति प्रदान गर्ने

तपशिलः

(क) श्री शिव आवि सानीभेरी गाउँपालिका-११,काफलबोट, रुकुम(पश्चिम)

(ख) श्री जनकल्याण आवि सानीभेरी गाउँपालिका-११, बागखोर, रुकुम(पश्चिम)

५. चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ११ सञ्चालनको अनुमति प्रदान गर्ने

तपशिलः

(ग) श्री बालज्योति मावि सानीभेरी गाउँपालिका-२,गिठाकोट, रुकुम(पश्चिम)

(घ) श्री शीतल मावि सानीभेरी गाउँपालिका-१, पत्रैया, रुकुम(पश्चिम)

(ङ) श्री भेरी दोभान मावि सानीभेरी गाउँपालिका-१ चाइनाबगर, रुकुम(पश्चिम)

६. चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ११ मा देहायबमोजिमका विषयहरुको पठनपाठन सञ्चालनको अनुमति प्रदान गर्ने

(क) श्री रासी ज्ञानोदय मावि सिम्लीमा पशु तर्फक विषयहरु

(ख) श्री भेरी दोभान मावि चाइनाबगर कृषि र शिक्षा तर्फका विषयहरु

(ग) श्री सुर्योदय मावि बेलटापु शिक्षा तर्फका विषयहरु

(घ) श्री बालज्योति मावि गिठाकोट शिक्षा तर्फका विषयहरु

(ङ) श्री शीतल मावि पत्रैया शिक्षा तर्फका विषयहरु

७. विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना,२०७७ अनुसार गाउँपालिका अन्तर्गत विद्यालयहरुको अनुगमन गर्नका लागि तपशिल बमोजिमको अनुगमन समिति गठन गर्ने

**तपशिल**

गाउँपालिका स्तरीय अनुगमन समिति

संयोजक- गाउँपालिका अध्यक्ष

सदस्यहरुः गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक, शिक्षा शाखा प्रमुख, स्वास्थ्य संयोजक, प्रहरी चौकी इन्चार्ज, राजनैतिक दलका प्रमुखहरु

८. विद्यालयमा गाउँपालिका अनुदानको विद्यालय सहायकको दरबन्दी रिक्त भएमा कम्प्युटर सहायकमा परिवर्तन गर्ने

९. गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत विद्यार्थीहरुलाई पोषाकको व्यवस्थापन गर्नका लागि विद्यालहरुमा अनुदान उपलव्ध गराउने

१०. विद्यालयहरुमा कार्यरत बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई शिक्षाको सशर्त बजेटबाट दिवा खाजा व्यवस्थापन गर्नका लागि रकम उपलव्ध गराउने। उल्लेखित बजेटबाट विद्यालयले खाजाको व्यवस्थापन गर्ने

११. गाउँपालिका अन्तर्गत विद्यालयहरुमा भर्ना भएका विद्यार्थीहरुको तथ्याङ्क संकलन गर्ने

१२. श्री शीतल मावि पक्रैयाका निवर्तमान प्रअ श्री हंस बहादुर खड्काले विद्यालयमा आर्थिक हिनामिना गरेको र विद्यालयको लेखा परीक्षण नगराएको भन्ने विद्यालय व्यस्थापन समितिको पत्रानुसार निजको प्रथम चौमासिक तलब भत्ताको रकम रोक्का गर्ने

१३. श्री रासी ज्ञानोदय मावि सिम्लीमा कार्यरत गाउँपालिका अनुदानको आधारभूत तह(कक्षा १-५) का शिक्षक श्री कमला बुढाथोकी ओलीलाई श्री प्रगतिशिल आवि बुकीचौरमा दरबन्दीसहित सरुवा गर्ने ।